# सम्झौता पत्र

नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रही काठमाण्डौ जिल्ला काठमाण्डौं महानगरपालिका वार्ड नं. १६ मा रजिष्ट्र्ड कार्यालय रहेको **ग्लोबल ओरियन्स नेपाल प्रा.लि.(कम्पनी दर्ता नं. २३६९९४)**, को (यसपछि पहिलो पक्ष भनिनेछ) तथा श्री/श्रीमती ........................................ कोनाति/नातिनी/बुहारी..............................................................को छोरा    जिल्ला    नगरपालिका वडा नं. ........ बस्ने बर्ष ........ को .................................................... (यसपछि दोस्रो पक्ष भनिनेछ), वीच तपसिलमा लेखिएका शर्तहरु पालना गर्ने, काम कर्तव्य, अधिकार जिम्मेवारी पुरा गर्ने एवं सेवा सुविधा दिने पाउने गरी राजीखुशीका साथ बस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा १४ एवं बस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ को नियम ९ बमोजिम यो संम्झौता पत्रको ३ प्रति तयार गरि सहिक्षाप गरि १ प्रति वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा समेत बुझाउने गरि दुवै पक्षले १/१ प्रति बुझि लियौ ।

**शर्तहरुः**

१. **यो सम्झौता पत्र बमोजिमका कार्य अगाडि बढाउनको लागि निम्न बमोजिको कागजातहरु दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ :**
   क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान -१
   ख) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो थान -२
   ग) हालको बसोबासको पूर्ण ठेगाना : ..........................................................................................................................
   घ) सम्पर्क मोबाईल नं. .......................................... इमेल : ........................................................................................

२. **प्रथम पक्षको काम, कर्तव्य, अधिकार र जिम्मेवारी :**
   (क) यस सम्झौता पत्रमा उल्लेखित शर्तहरु तथा वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ का प्रावधानहरु एवं उपभोक्ताको हित संरक्षणका सम्बन्धमा दोस्रो पक्षलाई तालिम एवं क्षमता विकासका अन्य माध्यमबाट प्रशिक्षित गर्नु गराउनु पर्नेछ ।
   (ख) दोस्रो पक्ष वा उपभोक्ताहरुको मागको आधारमा कम्पनीबाट बिक्री वितरण गर्ने बस्तु यथोचित समय मै उपलब्ध गराउनु पर्नेछ ।
   (ग) उपरोक्त "ख" बमोजिमका वस्तुहरुको बिक्री मुल्य सहितको विवरण कम्पनीको रजिष्ट्र्ड कार्यालय, शाखा कार्यालय वा बिक्री कक्षमा सबैले देख्ने स्थानमा चुस्त रुपमा राख्नु पर्नेछ तथा दोश्रो पक्ष समेतलाई उपलब्ध गराउनुपर्नेछ । यस सम्बन्धि विवरण वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिमको ढाँचा र समय सिमा भित्र वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग समक्ष पेश गर्नु पर्नेछ ।
   (घ) बस्तुहरु बिक्री वितरण गर्दा विक्रेता/वितरक एवं उपभोक्तालाई समय सिमा तोकी वस्तु बिक्री वितरण वा उपभोग गर्नु पर्ने गरी सामान्यतः परि माण/मात्रा तोक्न पाइने छैन । तर कम्पनीको नियमानुसारको सेवा सुविधा प्राप्त गर्न भने कम्पनीको बजार योजना अनुसारको बिक्री वा खपत गर्न गराउन प्रोत्साहन गर्न सकिनेछ ।
   (ङ) दोस्रो पक्षले बिक्री वितरण गरेको बस्तुको परिमाण (Volume) का आधारमा वस्तुको बिक्री/वितरण भएमा कम्पनीको नियमानुसार, कम्पनीको बजार योजना अनुसार कम्पनीले तोकेको सेवा सुविधा, कमिसन लगायतका अन्य लाभांसहरु उपलब्ध गराउनु पर्नेछ । सो को पूर्ण विवरण व्यापारिक सफ्टवेयरमा पनि व्यवस्थित गर्नुपर्नेछ ।

३. **दोस्रो पक्षको काम, कर्तव्य, अधिकार र जिम्मेवारी :**
   (क) पहिलो पक्षले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट बिक्री वितरण गर्न अनुमति पाएका अनुसूची बमोजिमका पहिलो पक्षबाट उपलब्ध गराइने वस्तुहरु मात्र विक्री वितरण गर्नु/गराउनु पर्नेछ ।
   (ख) प्रथम पक्षबाट प्राप्त बस्तु नगद रकम लिई बिक्री वितरण गरी प्रथम पक्षकै नामको विल एवं नगदी रसिद काट्नु  पर्नेछ ।
   (ग) उपरोक्त "क" बमोजिम वस्तुको विक्री वितरण गर्दा विक्री गरिने बस्तुको बारेमा ग्राहक/उपभोक्तालाई जानकारी गराई राजीखुशीले मात्र खरिद गर्नका लागि प्रोत्साहित गर्नु/गराउनु पर्नेछ ।
   (घ) उपभोक्तालाई भ्रम पार्ने वा कुनै प्रकारले अनुचित प्रभावमा पार्ने कार्य गर्न पाउने छैन । त्यस्तो कार्य गरेमा कारवाहीको भागीदार हुनुपर्ने छ ।
   (ङ) ग्राहक वा उपभोक्ताले खरिद गर्न चाहेको बस्तु निजले प्राप्त नगरेसम्म उक्त बस्तुको मुल्य वापतको रकम असुल गर्नु हुदैन ।
   (च) आफू मातहत रहने गरि सशर्त वा निशर्त कसैलाई पनि कुनै Title दिई वा नदिई बस्तु विक्री वितरण गर्न गराउन वा मार्केटिङ्ग लगायतका कार्य गर्नु/गराउनु हुदैन । तर प्रथम पक्षको बजार योजना एवं बस्तुको (नियमन एवं व्यवस्थापन गर्न बनेको) ऐन २०७४ र नियमावली २०७६ मुताविक बस्तुको बजार प्रबर्धन भने गर्न/गराउन सकिनेछ ।
   (छ) वितरकहरुले विशेषतः निम्न कार्यहरु गर्नु पर्नेछ :
      अ) कम्पनीका उत्पादनहरुको बारेमा बजार एवं बिक्री प्रबर्धन (Market and Sales Promotion) गर्ने/गराउने,
      आ) बस्तुको बिक्री वितरण (Sales and Distribution) गर्ने/गराउने,
      ई) कम्पनीका उत्पादन र बजारयोजनाका बारेमा अभिमुखीकरण कार्यक्रम गर्ने, तालीम, गोष्ठी र सेमिनार गर्ने/गराउने,
   (ज) बिक्री वितरण गरेको वस्तुको परिमाण (Volume) का आधारमा प्रथम पक्षबाट द्वितिय पक्षले प्रथम पक्षको अनुसूचि १ मा उल्लेख भए अनुसारको  सेवा सुविधा, कमिसन वा बोनसहरु प्राप्त गर्नेछन् ।
   (झ) बस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्न बनेको) ऐन, २०७४ र नियमावली, २०७६ बमोजिम वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा तालुक निकायले दिने निर्देशन भित्र रहेर कम्पनीसँग सहकार्य एवं बजारीकरण गर्नु/गराउनु पर्नेछ ।
   (ञ) प्रथम पक्षबाट प्राप्त बस्तुहरु आफ्नो अनुकुलता अनुसार बजारीकरण, बजार प्रबर्धन वा बिक्री वितरण एवं नियमानुसार कारोवार गर्नुपर्नेछ ।
   (ट) सेवा सुविधाहरु : कम्पनीको बजारीकरणको योजनामा उल्लेख भए अनुसार हुनेछ । (अनुसूची १)

४, **दोस्रो पक्षको कानुनी दायित्व :**
   क) शर्त नं. ३ (क) मा उल्लेख भए अनुसार बस्तु बिक्री वितरण गरे गराए बापतको कुनै पनि किसिमको आर्थिक तथा कानुनी दायित्व व्यहोर्नु पर्ने छैन ।
   ख) प्रथम पक्षको हित विपरितका कार्यहरु, बस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ र नियमावली, २०७६ विपरितका गैरकानुनी काम गरे गराएमा त्यसको जिम्मेवारी लिनुपर्नेछ ।

ग) ग्राहक वा उपभोक्तबाट बस्तु खरिद बापतको रकम बाहेक अन्य रकम लिएमा सोको तिर्ने बुझाउने दायित्व हुनेछ ।

घ) व्यक्तिगत कारोबार वा अन्य कारोबारमा प्रथम पक्षको नाम जोडी कुनै किसिमको कारोबार गर्ने, रकम लेनदेन गर्ने वा गैर कानुनी कामहरु गर्नु हुदैंन, गरे गराएमा आफैं जिम्मेवार हुनुपर्नेछ ।

ङ) माथि उल्लेखित कार्यहरु गरेको जानकारी प्रथम पक्षलाई प्राप्त हुन आएमा प्रचलित कानुन बमोजिम आवश्यक कारबाहीको लागि सम्बन्धित तालुक निकायमा उजुरी गर्न सक्नेछ ।

च) वस्तुको प्रबर्धन गर्ने कार्यक्षेत्र नेपाल अधिराज्यभर हुनेछ ।

**५. खरिद गरेको वस्तु फिर्ता गर्न सक्ने :**

(क) आम उपभोक्ताहरुले प्रथम पक्षबाट खरिद गरेको वस्तुको मूल्य, गुणस्तर, परिमाण वा उपयोगितामा चित्त नबुझेमा बस्तुको प्रत्यक्ष (नियमन तथा व्यवस्थापन गर्न बनेको) ऐन, २०७४ । नियमावली, २०७६ मा भएको व्यवस्था अनुसार वस्तु खरिद गरेको मितिले तीस दिन भित्र प्रथम पक्षलाई फिर्ता गर्न सक्नेछ । तर उक्त वस्तुहरु पुन विक्री गराउन सकिने स्थितिमा हुनुपर्नेछ ।

**६, सम्झौताको अन्त्य :**

(क) यो सम्झौताको अवधि कम्पनी रहेसम्म कायम हुनेछ । उक्त अवधी समाप्त नहुदै सम्झौता भंग गर्नुपर्ने अवस्थामा भंग गर्न चाहने पक्षले अर्को पक्षलाई ३५ दिन अगावै जानकारी दिनुपर्ने छ । यसै ३५ दिनको अबधि भित्रै दुई पक्ष वीचको जिन्सी वा नगद लेनदेनको हिसाव किताव फरफारक गरिसक्नु पर्नेछ । तर निम्न अवस्थामा ३५ दिने पुर्व सुचना नदिइ जुनसुकै बखत यो सम्झौता अन्त्य हुन सक्नेछ ।

(अ) बस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिम पालना गर्नुपर्ने शर्त र निर्देशन पालना नगरी व्यवशायिक नैतिकता प्रतिकुल कार्यहरु गरेमा ।

(आ) प्रथम पक्षबाट विक्री वितरणका लागि दोश्रो पक्षले प्राप्त गरेको बस्तुको तोकिएको समयमा रकम चुक्ता नगरेमा ।

(इ) दोस्रो पक्षले अन्य कम्पनीको बस्तुहरुको Marketing, Promotion तथा बिक्री वितरण गरेमा ।

(ई) बस्तुको प्रत्यक्ष बिक्री (नियमन तथा व्यवस्थापन गर्न बनेको) ऐन, २०७४ र नियमावली, २०७६ तथा नियमन निकायबाट दिएका निर्देशन विपरितका कार्य गरेमा ।

(उ) बजार प्रबर्धन गर्ने क्रममा प्रथम पक्षको निति, निर्देशन प्रतिकुल दोश्रो पक्षले आफूलाई मात्र फाईदा पुग्ने गरी बस्तुको बिक्री वितरण गरेमा ।

**७, निर्देशन पालना तथा विवाद समाधान :**

(क) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ का प्रावधानहरु तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले समय समयमा दिने निर्देशनको पूर्ण पालना गर्नू दुवै पक्षको कर्तव्य एवं जिम्मेवारी हुनेछ ।

(ख) वस्तुको प्रत्यक्ष बिक्री (व्यस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिम प्रथम पक्षले लागु गरेको बस्तुको बिक्री निति र कार्यविधि (समय समयमा हुने संसोधनहरु समेत) पालना दोस्रो पक्षले गर्नु पर्दछ । पालना नगरेका कारणबाट विवाद, दावी वा नोक्सानीको लागि पालना नगर्ने पक्षले जिम्मेवारी लिनु पर्नेछ ।

(ग) दुई पक्ष विच कुनै विवाद भएमा प्रथम चरणमा आपसी सहमतिमा विवाद समाधान गरिनेछ । दुई पक्ष विच सहमति कायम हुन नसकेमा दोस्रो चरणमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मध्यस्थतामा समाधानको प्रयास गरिनेछ । दोस्रो चरणको प्रयासमा पनि विवाद समाधान हुन नसकेमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गरेको निर्णयानुसार हुनेछ ।

**८, अन्य व्यवस्थाहरु :**

(क) दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्त गर्ने बस्तुहरुमा कानुन अनुसार लाग्ने कर समावेश गरिएको हुनु पर्दछ ।

(ख) प्रचलित कानुन अनुसार प्रथम पक्षबाट दोश्रो पक्षले पाउने बोनस तथा कमिसनमा कर कट्टी गर्नुपर्नेछ । बोनस प्राप्त गर्नका लागि दोस्रो पक्षसँग अनिवार्य रुपमा प्यान (PAN) नम्बर भएको हुनु पर्दछ ।

(ग) दोस्रो पक्षले प्रथम पक्षको प्रतिनिधितत्व गर्नेछ । प्रथम पक्षको पहिचानसँग सम्बन्धित लोगो ट्रेडमार्क प्रयोग गर्नेछ ।

(घ) यो सम्झौता पत्रले प्रथम पक्ष र दोस्रो पक्ष बीच कुनै किसिमको एजेन्सी वा रोजगारीको सम्बन्ध स्थापित हुने छैन ।

(ङ) यस सम्झौतामा उल्लेखित कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(च) कुनै पनि विक्रेता वा वितरकहरुले प्रथम पक्षको गोपनीयता कायम नगरी व्यापारमा ह्रास आउने काम गरेमा, निर्दिष्ट निति नियम भन्दा बाहिर गई कार्य गरे गराएमा, प्रचलित कानुनको उल्लंघन गरेमा वा आफ्नो अनुकुलताको लागि उपभोक्ताहरुलाई हानी नोक्सानी पुर्‍याउने काम गरेमा त्यसको भागीदार सम्बन्धित पक्ष नै हुनुपर्नेछ ।

(छ) यस सम्झौताका उल्लेखित शर्तहरु सकारात्मक व्याख्या गरि ईमान्दारपुर्वक पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ । दुवै पक्षको सहमति तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्विकृतिमा लिखित रुपमा मात्र परिवर्तन गर्न सकिने छ ।

| **प्रथम पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| ........................................ | ........................................ |
| आधिकारीक प्रतिनिधि<br>**ग्लोबल ओरियन्स नेपाल प्रा.लि.** | वितरक |

**साक्षीहरु :**

१, .................................. जिल्ला .............................. पालिका वडा नं. ...... बस्ने वर्ष .... को .................................. १

२, .................................. जिल्ला .............................. पालिका वडा नं. ...... बस्ने वर्ष .... को .................................. १

ईतिसम्वत् .........................साल ...................महिना.............गते ................................रोजशूभम् ।